## निर्णयहरु

१.भूकम्प पुर्ननिर्माण प्राधिकरणबाट यस मर्स्याङ्दी गाउँपालिकामा क्षतिग्रस्त घर पुनर्निर्माणमा सहयोग गर्न तिन जना प्राविधिक कर्मचारीहरु खटाईएकोमा निजहरुलाई गाउँपालिकाको विभिन्न वडाहरुमा निम्नानुसारले खटाउने निर्णय गरियो ।

क) ईन्जीनियर आदित्य देव लाई गा.पा. वडा नं. ७,८,९.र सवै वडामा आवश्यक थप सहयोग गर्ने गरि ।

ख) सव ईन्जीनियर धिरज यादव लाई गा.पा. वडा नं. १,२, ३.

ग) एसिस्टेन्ट सव ईन्जीनियर टीका प्रसाद गुरुङ् लाई गा.पा.वडा नं. ४,५,६.

२.यस गाउँपालिका र यस अर्न्तगतका वडा कार्यालयहरुमा जि.स.स. बाट ठेक्का नलागेका ठाउँहरुमा अनधिकृत रुपमा ढुङ्गा,गिटी,वालुवा,माटो को उत्खनन तथा प्रयोग भई रहेकोमा कानुनी रुपमा स्पष्ट नहुँदा सम्म र गाउँपालिकाले अर्को निर्णय नगर्दा सम्मका लागि वातावरणिय असर नपर्ने गरि तथा गाउँपालिकाले तोकीदिएको मापदण्डका आधारमा निम्नानुसारले हुने गरी माथी उल्लेखित सामग्रीको शुल्क उठाउने निर्णय गरियो ।

क) सार्वजनिक जग्गाबाट ढुङ्गा,गिटी,वालुवा,माटो विक्रि गर्दा प्रति टिप्पर रु १५००।-,प्रति टेक्टर रु ५००।- र प्रति खच्चर रु १०।-

ख) निजि जग्गाबाट ढुङ्गा,गिटी,वालुवा,माटो विक्रि गर्दा प्रति टिप्पर रु ६००।-,प्रति टेक्टर रु २००।- र प्रति खच्चर रु ५।-

३. यस गाउँपालिकाबाट नियमानुसार प्रक्रिया पुरा गरी निकासी हुने काठहरु (साल,सिसौ,चाप ) मा प्रति क्यु फिट रु ५०।- र कु काठको निकासी हुने काठहरुमा प्रति क्यु फिट रु १०।- शुल्क लिने निर्णय गरियो ।

४.गाउँपालिका भित्रका विशेष गरि सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार गर्नका लागि २०७४ पौष ७ गते एक दिने कार्यशाला गोष्ठी गर्ने र सो गोष्ठीमा सहभागी सरोकारवालाहरुको माझ मर्स्यादी शैक्षिक घोषणा २०७४ को प्रस्ताव पेश गर्ने र सो घोषणा जारी गर्ने निर्णय गरियो ।

५.यस मर्स्याङ्दी गाउँपालिकाको मिति २०७४ मार्ग १५ मा बसेको दोस्रो गाउँसभाले गाउँपालिकाको लागि कानुनले स्पष्ट नपार्दा सम्मका लागि दरवन्दी स्वीकृत गरेको र प्राविधिक कामका लागि थप जनशक्ति आवश्यक पर्दा करारमा भर्ना गर्न सक्ने भनि निर्णय गरेकाले गाउँपालिकाको लागि तत्काल १ जना सव ईन्जीनियरको विज्ञापन गर्ने र गाउँपालिकामा रिक्त १

जना कार्यालय सहयोगीको विज्ञापन गर्ने साथै साथै स्वास्थ्य तर्फको सशर्त अनुदानबाट भुक्तानी हुने गरि १ जना कार्यालय सहयोगीको विज्ञापन गर्ने निर्णय गरियो ।

६.यस गाउँपालिका भित्र सञ्चालनमा आउने आयोजनाहरुको कार्यान्वयनका लागि उपभोक्ता समिति गठन गर्नुपर्नेमा विद्यालयका विद्यालय व्यवस्थापन समिति, आमा समुह तथा अन्य संस्थामा यदि निरन्तर चल्ने प्रकृतिको समिति भएमा सोही समिति मार्फत योजना सम्झौता गरि काम गर्न सकिने निर्णय गरियो । ~~[illegible] खाता भने नयाँ खोल्नुपर्ने निर्णय गरियो~~ ।

७.यस गाउँपालिकाको कार्यालय भवनको तला थप गर्न मिति २०७४ मार्ग १५ मा बसेको दोस्रो गाउँसभाले रु २० लाख वजेट विनियोजन गरेकोमा सो कार्यलाई सिलवन्दी कोटेसन मार्फत जिल्लामा निस्कने दैनिक पत्रिकामा १५ दिने सूचना निकाली नियमानुसार निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

८. यस गाउँपालिकाको वार्षिक विनियोजित वजेटबाट कुनै किसिमका निर्माण कार्य तथा विकास सम्बन्धी कार्यलाई सिलवन्दी कोटेसन तथा बोलपत्रद्धारा गर्नु परेमा सार्वजनिक खरिद नियमावलीको नियम १४७ मा उल्लेख भए अनुसारको निम्नानुसारको बोलपत्र मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

क) सार्वजनिक निकायका प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत(सम्भव भएसम्म प्राविधिक कर्मचारी )

(गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ) - अध्यक्ष

ख) सम्बन्धित सार्वजनिक निकायको आर्थिक प्रशासन शाखा प्रमुख

(गाउँपालिकाका लेखापाल)- सदस्य

ग) विषयसँग सम्बन्धित प्राविधिक विशेषज्ञ( सम्भव भएसम्म अधिकृतस्तर )

गाउँपालिकाका सव-ईन्जीनियर - सदस्य

९.यस मर्स्यादी गाउँ कार्यपालिकाले यस अघि पनि यस कार्यालय तथा यस अर्न्तगतका शाखा तथा शाखा अर्न्तगतका कार्यालयहरुमा करारमा कर्मचारी पदपूर्ति गर्न एउटा समिति गठन गर्ने निर्णय गरेकोमा कानुनले स्पष्ट नपार्दा सम्मका लागि अथवा अर्को कानुन नबन्दा सम्मका लागि अथवा अर्को व्यवस्था नहुँदा सम्मका लागि यस अघिको गाउँ कार्यपालिकाले गरेको निर्णयलाई नै निरन्तरता दिंदै निम्नानुसारको पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

क) संयोजक  गाउँपालिकाका अध्यक्ष

ख) सदस्य प्रमुख प्रशासकीय अधिकृत

ग) सदस्य सम्बन्धित शाखाको शाखा प्रमुख

यदि यस समितिले कुनै विज्ञ व्यक्तिको आवश्यकता ठानेमा यस समितिमा आवश्यकता अनुसार विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

१०. यस गाउँपालिका,यसको शाखा र यस अर्न्तगतका वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई कामको प्रकृति हेरी बढीमा मासीक रुपमा तल उल्लेख भएको दिन बराबरको अनुगमन मूल्यांकन खर्च उपलब्ध गराउने निर्णय गरियो ।

क) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत,लेखा प्रमुख,प्रशासन प्रमुख लाई ८ दिनको ।

ख) गाउँपालिकाका प्राविधिक शाखाका ईन्जीनियर,सव ईन्जीनियर लाई ९ दिनको ।

ख) गाउँपालिकाका पशुसेवा शाखा,कृषि शाखा, स्वास्थ्य शाखामा कार्यरत कर्मचारीलाई सम्बन्धित शाखाको वजेटबाट भुक्तानी हुने गरी ७ दिनको ।

ग) वडामा कार्यरत वडा सचिवहरुलाई ६ दिनको ।

अन्य कर्मचारीहरुलाई काजमा खटाए अनुसार नियमानुसारले दिने निर्णय गरियो ।

११.युनाईटेड विच क्लव, मर्स्याङ्दी गा.पा. २,घनपोखरा लाई मिति २०७४/०५/२७ गतेको गाउँ कार्यपालिकाको बैठकले फुटवल खेल सञ्चालनका लागि रु २५,०००।- दिने निर्णय गरेकोमा सो खेल सञ्चालन गर्दा पुरस्कार वितरण तथा अन्य व्यवस्थापन खर्च बढी भएकोले सो क्लवलाई थप रकम रु ३५,०००।- समेत गरी जम्मा रु ६०,०००।- **विभिन्न धार्मिक साँस्कृतिक साहित्यिक महोत्सव दिवस** शिर्षकबाट भुक्तानी हुने गरी बिल भरपाई लिई सो रकम उपलब्ध गराउने निर्णय गरियो ।

१२. गाउँपालिकाबाट सञ्चालित आयोजनाहरुमा रु ५०,०००।- सम्म वजेट विनियोजन भएकोमा सो आयोजनाको भुक्तानी गर्दा बैंक खाता खोल्न नपर्ने र उक्त उपभोक्ता समितिका अध्यक्षको नाममा नै भुक्तानी गर्ने निर्णय गरियो ।